कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: ७००/०८२
दर्ता मिति: २०८२/१२/२

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

# लघुबीमा (प्रथम संशोधन) निर्देशन, २०८०

स्वीकृत मिति: २०८०/०९/१८

प्रस्तावना: लघुबीमा सम्बन्धी निर्देशन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिले देहायका निर्देशनहरु जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी निर्देशनहरुको नाम "लघुबीमा सम्बन्धी निर्देशन (प्रथम संशोधन) निर्देशन, २०८०" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. लघुबीमा निर्देशन २०७९ को दफा ११ मा संशोधन: लघुबीमा निर्देशन, २०७९ को दफा ११ को प्रतिबन्धात्मक वाक्यांस हटाई देहायको उपदफा (२) थपिएको छ:-

"उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राधिकरणले जारी गरेको निर्देशिका वा स्तरीकृत बीमालेख बमोजिम बीमा गर्दा सोही निर्देशिका वा बीमालेखमा उल्लेख भए बमोजिमको प्रत्यक्ष बीमा वापतको छुट प्रदान गर्न सकिनेछ ।"

३. लघुबीमा निर्देशन २०७९ को दफा २० मा संशोधन: लघुबीमा निर्देशन, २०७९ को दफा २० को उपदफा (१) मा देहायको सवारी साधन थपिएको छ:-

(१) लघु निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले देहाय बमोजिमको सीमाभित्र रही बीमा व्यवसाय गर्नु पर्नेछ:

| क्र.सं. | बीमाको किसिम | अधिकतम दायित्वको सिमा |
|---|---|---|
| २ | (क) मोटर लघुबीमा | रु. ५० लाख |
| | (ख) मोटर तेस्रो पक्ष बीमा | मोटर बीमादर सम्बन्धी निर्देशिका, २०७३ बमोजिम |

४. लघुबीमा निर्देशन २०७९ को दफा २० मा संशोधन: लघुबीमा निर्देशन, २०७९ को दफा २० को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ:-

"उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि वैदेशिक रोजगार (म्यादी) जीवन बीमा व्यवसायका लागि बीमांकको सिमा प्राधिकरणले जारी गरेको स्तरीकृत वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख सम्बन्धी निर्देशनमा उल्लेख भए बमोजिम हुनेछ।"

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: १००/०८२
दर्ता मितिः २०८२/१२/२

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

# लघुबीमा निर्देशन, २०७९

प्राधिकरणबाट स्वीकृत मिति : २०७९।१२।१३

**प्रस्तावनाः** लघु बीमा व्यवसायको विकास, प्रबर्द्धन तथा व्यवस्थापन गरी बीमा मार्फत न्यून आय वर्गको जीवन तथा सम्पत्तिको सुरक्षा गर्नका लागि बीमा ऐन, २०७९ को दफा १६६ को अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले **लघुबीमा निर्देशन, २०७९** बनाएको छ।

परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशनको नाम "**लघुबीमा निर्देशन, २०७९**" रहेको छ।

(२) यो निर्देशन तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशनमा,

(क) **"ऐन"** भन्नाले बीमा ऐन, २०७९ सम्झनुपर्छ।

(ख) **"नियमावली"** भन्नाले बीमा नियमावली, २०४९ सम्झनुपर्छ।

(ग) **"प्राधिकरण"** भन्नाले **नेपाल बीमा प्राधिकरण** सम्झनुपर्छ।

(घ) **"बीमक"** भन्नाले बीमा ऐन २०७९ बमोजिम स्थापित लघुबीमा कम्पनी सम्झनुपर्छ।

(ङ) **"लघुबीमा"** भन्नाले न्यून आय वर्गका व्यक्तिहरुलाई लक्षित गरी यसै निर्देशन बमोजिम जारी भएका बीमा व्यवसाय सम्झनुपर्छ।

(च) **"लघु जीवन बीमा"** भन्नाले बीमकले जारी गर्ने लघु जीवन बीमा सम्झनुपर्छ।

(छ) **"लघु निर्जीवन बीमा"** भन्नाले बीमकले जारी गर्ने लघु निर्जीवन बीमा सम्झनुपर्छ।

(ज) **"लघु बीमालेख"** भन्नाले लघु बीमाको शर्त बन्देज सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको बीमक र बीमित बीचको लिखित करार सम्झनुपर्छ।

(झ) **"लघुबीमा अभिकर्ता"** भन्नाले लघु बीमालेख बिक्री बितरण गर्न बीमकको तर्फबाट भूमिका निर्वाह गर्ने इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई सम्झनुपर्छ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

परिच्छेद -२

## लघुबीमा व्यवसाय

३. **लघुबीमा गर्नुपर्ने:** लघु जीवन बीमा व्यवसाय गर्ने बीमकले लघु जीवन बीमा र लघु निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले लघु निर्जीवन बीमा व्यवसाय गर्नु पर्नेछ।

४. **लघुबीमाको लक्षित वर्ग:** नेपाल राज्यका गरिब, न्यून आय भएका वर्ग, पिछडिएको क्षेत्रका बासिन्दा तथा सीमान्तीकृत समुदायलाई लक्षित गरी बीमकले लघुबीमा व्यवसाय गर्नु पर्नेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि गरिब, न्यून आय भएका वर्ग, पिछडिएको क्षेत्रका बासिन्दा तथा सीमान्तीकृत समुदायको अर्थ प्रचलित कानून वा सम्बन्धित निकायले गरेको व्याख्या अनुसार हुनेछ।

५. **लघु जीवन बीमा व्यवसाय:** (१) लघु जीवन बीमा व्यवसाय अन्तर्गत बीमकले देहायको मध्ये एक वा एक भन्दा बढी प्रकारका बीमा व्यवसाय गर्न सक्नेछ:

(क) आजीवन लघु जीवन बीमा
(ख) सावधिक लघु जीवन बीमा
(ग) म्यादी लघु जीवन बीमा
(घ) अन्य लघु जीवन बीमा

६. **लघु निर्जीवन बीमा व्यवसाय:** लघु निर्जीवन बीमा व्यवसाय अन्तर्गत बीमकले देहायको मध्ये एक वा एक भन्दा बढी प्रकारका बीमा व्यवसाय गर्न सक्नेछ:

(क) घर, सम्पत्ति तथा व्यवसाय लघुबीमा,
(ख) मोटर लघुबीमा,
(ग) इन्जिनियरिङ्ग लघुबीमा,
(घ) दायित्व तथा मौद्रिक क्षति लघुबीमा,
(ङ) अन्य लघु निर्जीवन बीमा।

७. **बीमा करार:** (१) बीमकले यस निर्देशन बमोजिम जारी गरेको लघुबीमालेख बीमक तथा बीमित बीचको द्विपक्षीय करार हुनेछ।

(२) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमितलाई बीमालेखको अवधि समाप्त हुन लागेको जानकारी सहितको सूचना पठाउन पर्नेछ।

(३) बीमा प्रस्ताव फाराम, बीमालेख तथा बीमालेखसँग संलग्न अन्य आवश्यक कागजातलाई समग्र बीमा करारको रूपमा लिनु पर्नेछ।

८. **बीमालेखको किसिम:** (१) बीमकले देहाय बमोजिमको लघुबीमालेख जारी गर्नु पर्नेछः-

(क) बीमकले आफैं तयार पारी प्राधिकरणसँग स्वीकृति लिएको बीमालेख



नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

(ख) प्राधिकरणले जारी गरेको स्तरीकृत (Standard) बीमालेख

(२) उप निर्देशन (१) को खण्ड (ख) बमोजिम लघुबीमालेख सम्बन्धमा प्राधिकरणले स्तरीकृत बीमालेख तयार तथा संशोधन गरी प्राधिकरण समक्ष सिफारिस गर्नका लागि प्राधिकरणको अध्यक्षको संयोजकत्वमा, प्राधिकरणका कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंकको सम्बन्धित विभागको कार्यकारी निर्देशक, लघुवित्तको तर्फबाट प्रतिनिधि, लघुबीमा कम्पनीको प्रतिनिधि (जीवन बीमाको हकमा लघुजीवन बीमकको प्रतिनिधि तथा निर्जीवन बीमकको हकमा लघुनिर्जीवन बीमकको प्रतिनिधि) सदस्य तथा प्राधिकरणको लघुबीमा विभागको निर्देशक सदस्य सचिव रहने गरी एक लघुबीमा उप समिति रहनेछ ।

(३) बीमकले बीमालेख जारी गर्नु अगावै बीमालेख जारी गर्नको लागि आवश्यक सम्पूर्ण विवरण हेरी जाँची बीमा गर्नु पर्नेछ ।

९. **बीमालेखको अवधिः** (१) जीवन लघुबीमालेखको हकमा एक वर्ष वा सो भन्दा बढी अवधिको र निर्जीवन लघुबीमालेखको हकमा एक वर्ष वा सो भन्दा कम अवधिको लागि मात्र जारी गर्न सकिनेछ ।

(२) लघुबीमालेख जारी गर्दा जारी भएको समय तथा जोखिम प्रारम्भ भएको मिति र समय समेत उल्लेख गर्नु पर्नेछ ।

१०. **बीमाशुल्कः** (१) बीमकले बीमितबाट पूरा बीमाशुल्क प्राप्त नगरी लघुबीमालेख जारी गर्न पाइने छैन ।

तर, नेपाल सरकार वा प्रदेश सरकार र सम्बन्धित स्थानीय तहले बीमालेखमा अनुदान उपलब्ध गराएको रहेछ भने सो बराबरको रकम घटाई बाँकी बीमाशुल्क रकम लिई बीमा गर्न बाधा पुग्ने छैन ।

(२) बीमालेखमा उल्लेख गरिएको बीमादर/गणनाको आधारमा बीमाशुल्क गणना गर्नुपर्नेछ ।

(३) बीमालेख अनुसार गणना गर्दा आउने बीमाशुल्कमा कुनै पनि अतिरिक्त रकम थप गर्न पाइने छैन ।

(४) एकपल्ट बीमालेख जारी भएपश्चात बीमा अवधिभरी बीमादर बढाउन वा घटाउन पाइने छैन ।

११. **छुट दिन नपाइनेः** (१) लघुबीमालेखको बीमाशुल्कमा कुनै पनि प्रकारको छुट (डिस्काउन्ट), प्रदान गर्न वा बीमाशुल्क कटौति गर्न वा सहुलियत दिन पाइने छैन ।

तर, बीमा अभिकर्ताको प्रयोग नगरी सिधै बीमालेख बिक्री (प्रत्यक्ष बीमा) गरिएको हकमा पाँच प्रतिशतका दरले हुन आउने रकम छुट प्रदान गर्न सकिनेछ ।

## परिच्छेद-३

## लघुबीमा अभिकर्ता सम्बन्धी व्यवस्था

१२. **लघुबीमा अभिकर्ताः** (१) बीमकले प्रत्यक्ष वा लघुबीमा अभिकर्ता मार्फत लघुबीमा गराउन सक्नेछ ।

(२) लघुबीमा सम्बन्धी कार्य गर्नको लागि अभिकर्ताको इजाजतपत्र लिएको हुनुपर्नेछ ।

(३) लघुबीमा अभिकर्ताको प्रकारः-

(क) व्यक्तिगत लघुबीमा अभिकर्ता



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

(ख) संस्थागत लघुबीमा अभिकर्ता

**स्पष्टीकरणः "लघुबीमा अभिकर्ता"** भन्नाले लघुबीमालेख बिक्री बितरण गर्न बीमकको तर्फबाट भूमिका निर्वाह गर्ने इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई सम्झनुपर्छ।

१३. **व्यक्तिगत लघुबीमा अभिकर्ता:** व्यक्तिगत लघुबीमा अभिकर्ताको योग्यता बीमा ऐनमा उल्लेख गरिए बमोजिम हुनेछ।

१४. **सँस्थागत लघुबीमा अभिकर्ताः** (१) देहायका संस्थाले लघुबीमा अभिकर्ताको रूपमा कार्य गर्न सक्नेछन्:

(क) गैर सरकारी संस्था

(ख) स्वावलम्वन समूह

(ग) लघुवित्त वित्तीय संस्था

(घ) सहकारी संस्था

(ङ) कानून बमोजिम दर्ता भएको अन्य संगठित संस्था

(२) बीमकले उपनिर्देशन (१) बमोजिम संस्थागत बीमा अभिकर्तालाई काममा लगाउनु अघि बीमकले त्यस्तो अभिकर्तासँग सम्झौता गरेको हुनुपर्नेछ।

(३) बीमकले सँस्थागत लघुबीमा अभिकर्तासँग सम्झौता गर्नु अघि उक्त संस्थाको ख्याति, विगतको कारोवार, कार्य क्षमता, निजसँग सम्बन्धित कानूनको परिपालना आदिको अध्ययन गरी उपयुक्त ठहरिएमा मात्र सम्झौता गर्नु पर्नेछ।

१५. **लघुबीमा अभिकर्ताको काम, कर्तव्यः** (१) बीमा ऐन, बीमा नियमावली तथा प्राधिकरणले समय समयमा दिएको आदेश निर्देशन तथा लघुबीमालेख समेतको अधिनमा रही लघुबीमा अभिकर्ताको काम, कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) बीमितलाई बीमकको तर्फबाट यथार्थ तथा विस्तृत जानकारी गराउने,

(ख) लघुबीमा प्रस्ताव फाराम भराउने तथा प्रस्ताव फाराम संकलन गरी बीमक समक्ष बुझाउने।

(ग) बीमितले प्रस्ताव फाराम तथा स्वास्थ्य सम्बन्धी विवरण सही साँचो उल्लेख गरेको कुरा स्वघोषणा गरी लिने र त्यसरी उल्लेख गरेका कुराहरू सहि भए नभएको यकिन गरी सहि साँचो भएमा आफूले समेत स्वघोषणा गर्ने।

(घ) बीमितको आम्दानीको स्रोत उपयुक्त भए नभएको यकिन गर्ने।

(ङ) बीमाशुल्क संकलन गरी बीमकलाई भुक्तानी गर्ने

(च) बीमितलाई लघुबीमालेख उपलब्ध गराउने,

(छ) आवश्यकता अनुसार बीमालेख नवीकरण गराउन आवश्यक सहयोग गर्ने,



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

(ज) बीमा दाबी पर्दाका बखत बीमितलाई दाबी भुक्तानी लिन सहयोग पुर्याउने ।

(झ) लघुबीमा सम्बन्धमा प्राधिकरणले तोकिदिएका अन्य कार्य गर्ने गराउने ।

१६. **लघुबीमा अभिकर्ताको आचारसंहिता:** लघुबीमा अभिकर्ताले प्राधिकरणबाट तोकिएको बीमा अभिकर्ताको आचारसंहिता पालना गर्नुपर्नेछ ।

१७. **लघुबीमा अभिकर्ताको कमिशनः** लघुबीमा अभिकर्ताले जीवन बीमाको हकमा बीमा नियमावली बमोजिम र निर्जीवन बीमाको हकमा पाँच (५) प्रतिशत कमिशन प्राप्त गर्नेछ ।

## परिच्छेद-४

## लघुबीमा व्यवसाय सम्बन्धी व्यवस्था

१८. **जोखिमाङ्कनः** (१) बीमकले लघुबीमा जोखिमाङ्कन नीति तयार गर्नु पर्नेछ ।

(२) बीमकले जोखिमका सवै पक्षहरूलाई समेटी लघुबीमा जोखिमाङ्कन गर्नु पर्नेछ ।

(३ बीमकले संस्थागत बीमा अभिकर्तासँग गरेको सम्झौतामा नै उल्लेख गरी निजलाई आंशिक बीमा जोखिमाङ्कन गर्न दिन सक्नेछ ।

१९. **सामूहिक लघुबीमाः** (१) बीमकले सामूहिक लघुबीमालेख जारी गर्न सक्नेछ ।

(२) निर्देशन (१) बमोजिम गरिएको सामूहिक लघुबीमामा आबद्ध प्रत्येक बीमितको नाम सूची संलग्न गरी बीमालेख धारकको नाममा जारी गर्नेछ।

(२) बीमकले बीमासँग सम्बन्धित सम्पूर्ण सूचना तथा जानकारी बीमक आफैं वा बीमा अभिकर्ता मार्फत बीमालेख धारकसँग आदान प्रदान गर्नु पर्नेछ ।

**स्पष्टिकरणः** बीमालेख धारक भन्नाले बीमालेख राख्ने व्यक्ति वा संस्था बुझाउँछ र बीमालेख धारक बीमित भन्दा फरक व्यक्ति वा संस्था समेत हुन सक्छ ।

(३) बीमालेख धारकले बीमितको संख्या परिवर्तन भएमा वा हेरफेर भएमा सोको जानकारी बीमकलाई गराई बीमाशुल्क अद्यावधिक गराउनु पर्नेछ ।

(४) बीमालेख धारकले बीमितको इच्छाइएको व्यक्ति वा हकवालाको विवरण सुरक्षित रूपमा बीमकले मागेको बेलामा दिन सक्ने गरी राख्नु पर्नेछ ।

२०. **लघुबीमाको सीमाः** (१) लघु निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले देहाय बमोजिमको सीमाभित्र रही बीमा व्यवसाय गर्नु पर्नेछः-

| क्र.सं | बीमाको किसिम | अधिकतम दायित्वको सिमा |
|---|---|---|
| १ | घर, सम्पत्ति तथा व्यवसाय लघुबीमा | रू पचास (५०) लाख |



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| | | |
|---|---|---|
| २ | मोटर लघुबीमा | ट्रेलर, ट्र्याक्टर, थ्रेसर, मोटर अन्तर्गत पर्ने कृषि उपकरण, मोटरसाइकल, ट्राइसाइकल, मोपेड, ट्याम्पु, रिक्सा, ठेलागाडा मात्र |
| ३ | इन्जिनियरिङ्ग लघुबीमा | रू पचास (५०) लाख |
| ४ | दायित्व तथा मौद्रिक क्षति लघुबीमा | रू पाँच (५) लाख |
| ५ | अन्य लघुबीमा | रू पाँच (५) लाख |

(२) उप दफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनी नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारद्वारा अनुदान तथा व्याज अनुदान प्राप्त कर्जाको बीमाङ्क कर्जाको सीमा सम्मको दायित्व रहने छ।

(३) जीवन बीमा कम्पनीले पाँच (५) लाख रूपैंया भन्दा कम बीमाङ्क भएको जीवनको लघुबीमा गर्न सक्नेछ।

२१. **सहुलियतपूर्ण कर्जा सम्बन्धी व्यवस्था:** (१) यस निर्देशनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी भएको सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि, २०७५ अनुसार विक्री गरिएका सवै बीमालेखहरू लघुबीमालेख हुनेछ।

(२) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" बर्गका लघुवित्त वित्तीय सँस्थाहरूलाई जारी गरिएको निर्देशन, २०७६ को दफा ३.२ बमोजिम कर्जा लिई सोही प्रयोजनको लागि लघुबीमा गर्दा सोही दफामा उल्लेख भएको प्रति ऋणी अधिकतम सीमा ननाघ्ने गरी लघुबीमाको बीमाङ्क कायम गर्नु पर्नेछ।

२२. **सहकार्यमा लघुबीमा जारी गर्न सक्ने:** बीमकले टेलिकम, इन्टरनेट सेवा प्रदायक, भुक्तानी सेवा प्रदायक, स्टोर, होटल, रेष्टुरेन्ट लगायत आपूर्ति श्रृंखलामा आवद्ध संगठित सँस्थाहरूसँग सहकार्य गरी लघुबीमा जारी गर्न सक्नेछ।

## परिच्छेद-५

## दाबी भुक्तानी

२३. **दाबी भुक्तानी:** (१) बीमकले आफु समक्ष परेको लघुबीमा दाबीको तत्काल छानबीन गरी दाबी भुक्तानी प्रक्रिया अगाडि बढाउनु पर्नेछ।

(२) बीमकले लघुबीमा दाबी सम्बन्धी आवश्यक कागजात प्राप्त भएको बढीमा एक्काइस दिन (२१) भित्र दायित्व यकिन गरी भुक्तानी गर्नु पर्नेछ।

(३) निर्देशन (२) बमोजिम दाबी भुक्तानी गर्दा सामूहिक जमानीलाई आधार मानी दावी भुक्तानी गर्न सक्नेछ।

(४) सामूहिक जमानीमा संलग्न व्यक्ति कम्तीमा पाँच जना हुनुपर्ने र प्रत्येक व्यक्तिको हस्ताक्षर, नाम, थर, ठेगाना, नागरिकता र सम्पर्क नम्बर समेत स्पष्ट खुलेको हुनुपर्नेछ।

(५) निर्देशन (३) बमोजिम सामूहिक जमानीमा दावी भुक्तानी गर्दा बीमक र बीमित बीचको सम्झौता भए बमोजिमको बीमाङ्क रकम सम्मको दावी भुक्तानी लघुबीमा अभिकर्ता मार्फत भुक्तानी गर्न सक्नेछ।



नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

(७) निर्देशन (२) बमोजिम दाबी भुक्तानी गर्नु नपर्ने भएमा स्पष्ट आधार र कारण खुलाई बीमितलाई पैंतीस (३५) दिन भित्र लिखित जानकारी दिनु पर्नेछ।

(८) निर्देशन (७) बमोजिम दावी भुक्तानी गर्न नमिल्ने बीमालेखको हकमा के कति कारणले दावी भुक्तानी दिन नमिल्ने हो सो को कारण सहित त्रैमासिक रूपमा प्राधिकरणमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(९) दाबी भुक्तानी सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्राधिकरणमा पैंतीस दिन (३५) भित्र लिखित रूपमा उजुरी गर्न सक्नेछ।

२४. **दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातः** दावी भुक्तानी प्रक्रियाको लागि बीमितले बीमक समक्ष देहाय बमोजिमका आवश्यक कागजातहरू पेश गर्नु पर्नेछः-

(१) पूर्ण रूपले भरिएको बीमा दाबी फाराम

(२) पूर्ण दाबीको हकमा बीमालेखको सक्कल प्रति तथा आंशिक दाबीको हकमा बीमालेखको छाँया प्रति

(३) बीमा गरिएको सम्पत्ति क्षति भएको प्रमाण

(४) आपराधिक घटना घटेको भए प्रहरी प्रतिवेदन

(५) बीमकले सर्भे गराएको भए सर्भे प्रतिवेदन

(६) सामूहिक जमानी गरिएको कागजात

(७) जीवन बीमाको हकमा नाता प्रमाणित पत्र तथा मृत्यु प्रमाणपत्र

परिच्छेद-६

## विविध

२५. **तालिमः** बीमकले लघुबीमा सम्बन्धी कार्य गर्ने कर्मचारी तथा अभिकर्तालाई काममा लगाउनुपूर्व लघुबीमा सम्बन्धी तालिम सञ्चालन गर्नु पर्नेछ।

२६. **बाधा नपर्नेः** हाल लघुबीमा गरिरहेका बीमा कम्पनीहरूलाई लघुबीमा गर्न यस निर्देशनले बाधा पुर्याएको मानिने छैन।

२७. **बाधा अड्काउ र फुकाउः** यस निर्देशनको कार्यान्वयमा कुनै बाधा अड्चन आइपरेमा नेपाल बीमा प्रधिकरणले बाधा अड्काउ फुकाउन सक्नेछ।

२८. **खारेजी र बचाऊः** (१) लघु बीमा निर्देशिका, २०७६ खारेज गरिएको छ।

(२) लघुबीमा निर्देशिका, २०७६ बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम गरेको मानिनेछ।



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY